आज मिति २०७३ अषाढ ६ गते सोमबारका दिन मेचीनगर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडाज्यूको अध्यक्षतामा नगरपालिकाको बोर्ड बैठक निम्न उपस्थितिमा बस्यो ।

उपस्थिति

कार्यकारी अधिकृत तथा नगरप्रमुख — श्री पशुपति खतिवडा

आमन्त्रित

सामुदायिक अधिकृत — श्री अनन्त प्रकाश वस्ती

लेखा अधिकृत — श्री राजन कुमार भेटवाल

इन्जीनियर — श्री कमल प्रसाद कोईराला

ना.सु. — श्री लक्ष्मीं राई

**निर्णय नं. १** यस मेचीनगर नगरपालिका कार्यालयको मिति २०७३/०१/३१ गतेको जनसंसद दैनिकमा प्रकाशित आ.व. २०७३/०७४ को कर, शुल्क असुली ठेक्का सम्बन्धीको शिलबन्दी बोलपत्र आव्हानको सूचना अनुसार पार्किङ्ग शुल्क काँकरभिट्टा बसपार्कको शुल्क असुली गर्ने सम्बन्धी कार्यका लागी म्याद भित्र पर्न आएको एकमात्र बोलपत्रदाता शेर्पा होटल मे.न.पा. १० ले धरौटी बापत रु.१,४०,०००/- (अक्षरेपी एक लाख चालिस हजार) मात्र बैङ्क दाखिला गरेको बैङ्क भौचर संलग्न राखी कबोल अङ्क बापत रु.२१,५५,०००/- (अक्षरेपी एक्काईस लाख पचपन्न हजार) कबोल गरी बोलपत्र पेश गरेको उक्त कार्यका लागि कार्यालयको स्वीकृत अनुमानित अङ्क रु.२१,५१,१९९/- रहेको हुदाँ मिति २०७३/०३/०५ गतेको बोलपत्र मुल्याङ्कन समितिको निर्णय समेतका आधारमा एकमात्र बोलपत्रदाता शेर्पा होटल मे.न.पा. १० को कबोल अङ्क रु.२१,५५,०००/- स्वीकृत गर्ने ७ (सात) दिनको आशयपत्र जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** यस मेचीनगर नगरपालिका कार्यालयको मिति २०७३/०१/३१ गतेको जनसंसद दैनिकमा प्रकाशित आ.व. २०७३/०७४ को कर, शुल्क असुली ठेक्का संम्बन्धीको शिलबन्दी बोलपत्र आव्हानको सूचना अनुसार पशुहाट सेवा शुल्क असुली गर्ने सम्बन्धी कार्यका लागी म्यादभित्र पर्न आएक बोलपत्रदाताहरु मध्ये रित नपुगी (धरौटी जमानत संलग्न नगरी) आएको नेम्बाङ्ग इन्टरप्राईजेज मे.न.पा. को बोलपत्र बदर गरी बाँकी रहेका बोलपत्रदाताहरु मध्ये सबै भन्दा बढी अङ्क कबोल गर्ने ईन्द्र ट्रेडिङ्ग कन्स मे.न.पा. १ को कबोल अङ्क रु.३१,३२,५०१/- दोश्रो सबै भन्दा बढी अङ्क कबोल गर्ने दिपक कोल्ड हाउ मे.न.पा. १ को कबोल अङ्क रु. ३१,३२,००१/- मध्ये मिति २०७३/०३/०५ गतेको बोलपत्र मुल्याङ् समितिको निर्णय समेतका आधारमा सबैभन्दा बढी अङ्क कबोल गर्ने ईन्द्र ट्रेडिङ्ग कन्सर्न मे.न.पा. १ कबोल अङ्क रु.३१,३२,५०१/- स्वीकृत गर्ने ७ (सात) दिनको आशयपत्र जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** यस मेचीनगर नगरपालिका कार्यालयको मिति २०७३/०१/३१ गतेको जनसंसद दैनिक प्रकाशित आ.व. २०७३/०७४ को कर, शुल्क असुली ठेक्का सम्बन्धीको शिलबन्दी बोलपत्र आव्हान सूचना अनुसार सरसफाई सेवा शुल्क असुली गर्ने कार्यका लागी म्यादभित्र पेश हुन आएको एक बोलपत्र रित नपुगी पेश हुन आएको हुदाँ मिति २०७३/०३/०५ गतेको बोलपत्र मुल्याङ्कन समितिको नि समेतका आधारमा पुनः दोश्रो पटक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

श्री सूचना [illegible]